'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : ११५ शनिवार ०६ पुष, २०८१ 21 (Saturday) December 2024 पृष्ठ ४, मूल्य रु : १०।-

### मेडिकल कलेजद्वारा सेवा शुल्कमा वृद्धि

## तलब वृद्धिको माग पुरा नगरेको भन्दै कलेजको ओपिडी सेवा समेत बन्द

■ भीम रावत

कोहलपुर, पुष/०५



तलब वृद्धिको माग गर्दै नेपालगन्ज मेडिकल कलेजका कर्मचारीहरुले शुक्रबारदेखि नेपालगन्ज र कोहलपुर मेडिकल कलेजको ओपिडी सेवा पूर्ण रुपमा बन्द गराएका छन् । पश्चिम नेपालकै सबैभन्दा ठुलो निजी लगानीमा सञ्चालित मेडिकल कलेजको नेपालगन्ज र कोहलपुर दुबै स्थानमा आन्दोलनरत कर्मचारीले ओपिडी सेवा समेत बन्द गराएपछि बिरामीहरुलाई निकै समस्या भएको छ । सरकारले तोकेको तलब बृद्धिको माग गर्दै दोस्रो चरणको आन्दोलनमा उत्रिएका मेडिकल कलेजका कर्मचारीले बुधवार र बिहीबार आधा समय ओपिडी बन्द गराएका थिए । तर उनीहरुको माग सुनुवाइ नगरिएपछि शुक्रबारबाट दुबै ठाउँका ओपिडी सेवा पूर्ण रुपमा बन्द गराउनुका साथै मेडिकल कलेजको पढाइ पनि बन्द गराइएको केन्द्रीय आन्दोलन परिचालन कमिटीकी संयोजक रत्ना गिरीले जानकारी गराएकि छन् । अस्पताल व्यवस्थापन पक्षले कर्मचारीका जायज माग पूरा गर्नुको सट्टा उल्टै धम्की दिने र तर्साउने विज्ञप्ति जारी गर्ने गरेको जनाउँदै नेपालगञ्ज र कोहलपुर दुबै ठाउँका ओपिडी सेवाहरु अनिश्चितकालका लागि बन्द गरिएको बताइन् । हाललाई आपतकालीन सेवा जारी राखिएको जनाउँदै गिरीले माग पूरा नगरिए थप अगाडि बढ्ने चेतावनी दिएकी छन् । नेपालगन्ज र कोहलपुर दुबै अस्पतालको ओपिडी सेवा बन्द गरिएकोले शुक्रवार धेरै बिरामी अस्पताल पुगेर उपचार नपाई फर्किएका थिए । उता नेपालगन्ज मेडिकल कलेजले एकैपटक अधिकांश सेवाहरूमा शुल्क बढाएको छ । मेडिकल कलेजले आफूले प्रदान गर्दै आएका ९० प्रतिशत भन्दा बढी सेवाहरूमा थोरैमा २० प्रतिशतदेखि बढीमा एक सय प्रतिशतसम्म सेवा शुल्क बढाएको हो । तर, शुल्क बढाएपनि सेवाग्राहीहरूले थाहा पाउनेगरी भने जानकारी दिएको छैन । चालू आर्थिक वर्षबाट विभिन्न सेवामा शुल्क बढाए पनि उक्त शुल्क बारे सार्वजनिक सूचना नगरेकाले न शुल्क बारे सेवाग्राहीलाई थाहा छ न त कर्मचारीहरुलाई नै बढेको शुल्क बारे जनाकारी गराइएको छ । मेडिकल कलेजका प्रशासन प्रमुख, सूचना अधिकारी र उपनिर्देशकले हाल कर्मचारीहरुले गरेको आन्दोलनका कारण कार्यालयमा जान नपाएकोले शुल्क दर उपलब्ध गराउन नसकिएको बताएका छन् । मेडिकल कलेजले सेवाहरूको शुल्क सार्वजनिक नगरेपनि बढाइएको शुल्क अनुसार नै असुली गरिरहेको छ । ओपिडी शुल्क पहिले १ सय रूपैयाँ रहेकोमा बढाएर १ सय ५० रूपैयाँ बनाइएको छ । त्यस्तै इमरजेन्सी शुल्क १ सय रूपैयाँबाट बढाएर २ सय, सिबीसी ३ सयबाट बढाएर ६ सय, एलएफटी ८ सयबाट बढाएर १ हजार १ सय बनाइएको छ । पिसाब जाँच गरेको १ सय रूपैयाँबाट बढाएर १ सय ५० बनाइएको छ । जाँचदेखि अपरेशन सम्मको शुल्क बढाइएको कर्मचारीहरूले बताएका छन् । मेडिकल कलेजका उपनिर्देशक श्याम शर्माले नियमित प्रक्रिया अन्तर्गत नै शुल्क वृद्धि गरिएको बताए ।

बाँकी ३ पेजमा...

## मोटाधान कम आएपछि मध्यम धानको कोटा बढ्यो

■ नमस्ते समचारदाता

नेपालगन्ज, पुष/०५



खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, नेपालगञ्जले लक्ष्य अनुसार मोटाधान नआएपछि मध्यम धानको कोटा बढाएको छ । अब यस अधि निर्धारित कोटाभन्दा बढी आए पनि खाद्यले मध्यम धान खरिद गर्ने भएको हो । सुरुमा मध्यम धान दश हजार क्वीन्टल लिने कोटा निर्धारण गरिएको थियो । मध्यम धान बढी आएपछि १५ हजार क्वीन्टल कोटा बढाएर २५ हजार क्वीन्टल खरिद गरिएको छ । मोटा धान कम आएर मध्यम धान अझै आइरहेको छ । खाद्यले अब जति आएपनि मध्यम धान खरिद बताएको छ । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, नेपालगञ्जले यसवर्ष ३० हजार क्वीन्टल मोटा र दश हजार क्वीन्टल मध्यम धान गरी ४० हजार क्वीन्टल खरिद गर्ने कोटा निर्धारण गरेको थियो । मध्यम धानको कोटा बढाइएपनि मोटा धान कोटा अनुसार नै पाउन सकिएको छैन । ३० हजार क्वीन्टल मोटा धान खरिद गर्ने भनिएकोमा अहिलेसम्म ५ हजार २ सय क्वीन्टल खरिद गरिएको छ । मोटा धान धेरैं नआउने अनुमान गरिएको छ । मोटा धानको कोटा बढी रहेको र त्यो नआएपछि खाद्यले मध्यम धानको कोटा बढाएर लक्षित कोटा पूरा गर्ने बताएको छ । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, नेपालगञ्जका प्रमुख रामशरण लामिछानेले मोटा धान धेरैं नआएपछि मध्यम धानको कोटा बढाएर निर्धारित लक्ष्य पूरा गर्नेतिर लागेको बताए । उनले मध्यम धान अझै आइरहेको र जुटको बोरा नभएकाले केही दिनका लागि खरिद रोकेको र बोरा आएपछि ल्याइएका धान खरिद गर्ने जानकारी दिए । खाद्यले यो वर्ष मध्यम धान तीन हजार पाँच सय ८० रुपैयाँ ६२ पैसा र मोटा धान तीन हजार चार सय १० रुपैयाँ ५१ पैसा प्रतिक्वीन्टलमा खरिद गरिरहेको छ । खाद्यले निर्धारण गरेको यो मूल्य बजारको भन्दा दुई अढाई सय बढी रहेको छ ।

## कोहलपुरमा महोत्सवको भव्य तयारी भइरहेको छ

■ नमस्ते समचारदाता

कोहलपुर, पुष/०५



"विश्वभरी फैलिएका हामी जनजाति हामी आदीवासी । जोगाइ राखौ भेषभुषा भाषा सस्कृति" भन्ने मुलनाराका साथ आगामी पुस ९ गतेदेखि १७ गतेसम्म कोहलपुरको खुला मैदानमा सञ्चालन हुने प्रथम कृषि तथा पर्यटन प्रवर्द्धन व्यापारिक संरक्षण तथा साँस्कृतिक महोत्सव (एस्पो २०८१) को तयारी तिव्र पारिएको छ । नेपाल आदीवासी जनजाती महासंघ नगर समन्वय परिषद् कोहलपुर बाँकेको आयोजना तथा श्री भावना एम्युजमेन्ट प्रालीको व्यस्थापनमा अयोजना गरिन लागेको महोत्सवलाई भव्य र सभ्यरुपमा सञ्चालन गर्न तयारी तिव्ररुपमा अगाडि बढाएको छ । महोत्सव सञ्चालनका लागि हालसम्म ८० प्रतिशत काम सम्पन्न भईसकेको महोत्सव समिति संयोजक कृष्णबहादुर पुन मगरले जानकारी दिए । स्टल निमार्ण, बालउद्यान, घेराबार पर्खाल निमार्ण लगायतका कामहरु सम्पन्न भइसकेका छन् । त्यस्तै मञ्च निमार्ण, गेट निमार्ण लगायतका कामहरु धमाधम अगाडि बढाइएका छन् । मेलामा करिब २५० वटा व्यावसायिक स्टलहरु तथा २० वटा होटल स्टलहरु रहने स्टल तथा प्रायोजक व्यवस्थापन संयोजक हेमन्त पुनले जानकारी दिए । उनका अनुसार हालसम्म ५० प्रतिशत स्टल बुकिङ्ग भईसकेका छन् । मेलाको उद्घाटन सत्रमा आउने झाँकीहरु समेत तयारी भईसकेको र मेलामा आउने राष्ट्रियस्तरका कलाकारहरुसंग पनि सम्पर्क भईरहेको जनाइएको छ । मेलामा करिब ६७ जनाभन्दा धेरै राष्ट्रियस्तरका कलाकारहरु आउने कला तथा सांस्कृति समितिले जनाएको छ । मेलामा बालउद्यान, कृषि प्रर्दशन, व्यापारिक स्टलहरु, हात्ती सफारी, उँट प्रर्दशनी, कराते र उस्सु खेल लगायतका प्रर्दशनी गरिनुका साथै मगरखाना परिकार, गरुङ्ग खाना परिकार, थारु परिकार, नेवार खाना परिकारका साथै अन्य जातीय खाना परिकारहरुको प्रर्दशनी गरिने आयोजकले जनाएको छ ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवहान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७८०८५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
namastekarnali2068@gmail.com
namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

# युवालाई स्वदेशमै रोक्ने विकल्प

**डा. लाक्पा शेर्पा**



> विद्यालय, क्याम्पस र विश्वविद्यालयले व्यावहारिकभन्दा सैद्धान्तिक ज्ञानमा समय खर्चिएका छन् । सैद्धान्तिक ज्ञानभन्दा व्यावहारिक ज्ञानले जीवनमा परिवर्तन ल्याउने र रोजगारीमा भूमिका खेल्ने हुनाले यसमा ध्यान पुऱ्याउनुपर्ने छ ।



डा. लाक्पा शेर्पा

युवा देशका शक्ति पुञ्ज हुन् । युवा विकासको संवाहक हुन् । जुन देशमा युवाले आफ्नो बुद्धि, विवेक र क्षमताको प्रयोग गर्छन् त्यो देश निश्चय नै समृद्ध बन्न सक्छ । युवा देशको सशक्त र ऊर्जाशील सम्पत्ति हुन् । चाहे अल्पविकसित, विकासशील वा विकसित देशका युवा नै किन नहुन् ती युवा सबैले आफ्नो उर्वर क्षमता, ऊर्जा र योग्यतालाई देश र राष्ट्रको हितमा प्रयोग गर्न चाहन्छन् । देश विकासप्रति तीव्र इच्छा र तत्परता भएको युवालाई राज्यले ठिक ढङ्गले प्रयोग गर्न सकेमा मात्र देश समृद्ध बन्न सक्छ र त्यस देशका नागरिक पनि सुखी हुन सक्छन् । नेपालको राष्ट्रिय जनगणना २०७८ ले युवाको संख्या १,२४,१२,१७३ देखाएको छ । जनसंख्याको झन्डै ४२ प्रतिशत जति युवाको संख्या देखाएको छ । १६ देखि ४० वर्ष उमेर समूहका यी युवा देश विकासको ठुलो सम्भावना बोकेको शक्ति हो । यो सम्भावनाको सही रूपमा प्रयोग हुने हो भने देशले गति लिन सक्छ । यद्यपि यस्तो शक्ति पुञ्ज सधैँ नरहन सक्छ । निश्चित समयपछि फेरि काम गर्ने युवाको संख्यामा परिवर्तन भएर वृद्धको संख्याले जित्न सक्छ । त्यतिबेला काम गर्नेभन्दा बसेर खानेको संख्या बढ्न सक्छ । विश्वका विभिन्न मुलुकमा युवा बिदेसिने गरेको पाइन्छ । शिक्षा, रोजगारी, व्यापार तथा व्यवसाय गर्नका लागि युवा विदेश जाने गरेको देखिन्छ । ग्लोबल इकोनोमी डट्कम नेपाल ह्युमन फ्लाइट एन्ड ब्रेनड्रेनले देखाए अनुसार सबैभन्दा धेरै युवा बिदेसिने देशमध्ये पहिलो देश भनेको समोअर दोस्रो देश भनेको जमैका हो । यी देशबाट क्रमशः १० प्रतिशत र ९.५ प्रतिशत युवा देशबाहिर जाने गरेको तथ्याङ्कले देखाएको छ । यसरी नै तेस्रोमा युक्रेन ८.९ प्रतिशत, चौथोमा प्यालेस्टाइन ८.८ प्रतिशत, पाँचौँ एल साल्भाडोर ८.७ प्रतिशत छैटौँ सोमालिया ८.६ प्रतिशत सातौँ इरिट्रिया ८.६ प्रतिशत, आठौँ अफगानिस्तान ८.५ प्रतिशत नवौँ अल्बानिया ८.५ प्रतिशत र १० औँ माइक्रोएसियाबाट ८.४ प्रतिशतले युवा बाहिरिने गरेको देखिन्छ । यसै गरेर दक्षिण एसियाली मुलुकमा भारतबाट ४.८ प्रतिशत, बङ्गलादेश ६.७ प्रतिशत, पाकिस्तान ५.५ प्रतिशत श्रीलङ्का ७.६ प्रतिशत र भुटानबाट ५.४ प्रतिशत युवा बिदेसिने गरेको देखिन्छ । यसरी हेर्दा सबै देशमा युवा पलायनको समस्या छ । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको अनुसार नेपालबाट विदेश अध्ययन गर्नका लागि भनेर नो अब्जेक्सन लेटर लिने विद्यार्थीको संख्या २००८/९ मा २,४८२४ जना, २०१८/१९ मा बढेर ६३,२५९ पुगेका थिए भने सन् २०२२/२३ मा बढेर त्यो संख्या १,१७५६३ पुगेको थियो । यसरी हेर्दा युवा बिदेसिने क्रम बढिरहेको देखिन्छ । नेपाल 'ह्युमन फ्लाइट एन्ड ब्रेनड्रेन' को तथ्याङ्क अनुसार नेपालबाट युवा बिदेसिने गरेको देखिन्छ । सन् २०२० देनि २०२४ सम्मको तथ्याङ्क हेर्दा सन् २०२० मा ६.१ प्रतिशत, २०२१ मा ६.२ प्रतिशत सन् २०२२ मा ६.१ प्रतिशत, सन् २०२३ मा ६.१ प्रतिशत र सन् २०२४ मा पनि ६.१ प्रतिशतले बिदेसिएको देखाइएको छ । यसबाट मुलुकमा थुप्रै समस्या उत्पन्न भएको स्थिति देखिन्छ । श्रम गर्नका लागि पनि त्यत्तिकै मात्रामा युवा बिदेसिन्छन् भन्ने कुराको तथ्याङ्क त्रिभुवन विमानस्थलबाट दैनिक १५ सयदेखि दुई हजारसम्म युवा बाहिर जाने गरेको तथ्याङ्कले पनि पुष्टि गरेको छ । नेपालबाट होनाहार युवा बिदेसिने गर्नाले देशमा थुप्रै समस्या देखा पर्न थालेको छ । यसरी नै बिदेसिने हो भने राज्यले लिएको नीति, योजना र सोच पूरा गर्न कठिन हुन सक्छ । देशका सबै क्षेत्र कमजोर हुने सम्भावना रहन्छ । देशको स्रोतसाधनको परिचालन हुन सक्दैन र बिस्तारै देश परनिर्भरतातिर धकेलिन पुग्ने स्थिति रहन्छ । यसलाई तल विश्लेषण गर्ने प्रयास गरिएको छ ।

**क. शिक्षित जनशक्ति अभाव**

शिक्षित जनशक्तिले मात्र देशलाई आर्थिक, सामाजिक, सांस्कतिक रूपले रूपान्तरण गर्न र समाज परिवर्तनमा योगदान पुऱ्याउन सक्छ । शिक्षित जनशक्तिले मुलुकको आर्थिक विकासमा पनि त्यत्तिकै भूमिका खेल्न सक्छ । सामाजिक भेदभाव, अन्याय, अत्याचार अन्त्य गर्न र विभेदलाई हटाउन शिक्षित जनशक्तिले महत्वपूर्ण भूमिका खेल्न सक्छ । देशमा शिक्षित जनशक्तिको अभाव भएमा देश विकासको गतिमा अवरोध उत्पन्न हुन सक्छ र विकास अलमलिन सक्छ । युवा बिदेसिने हुँदा देशमा शिक्षित जनशक्तिको पनि अभाव हुन जान्छ ।

**ख. आर्थिक समृद्धि र विकासमा प्रभाव**

देशलाई समृद्ध बनाउने र नागरिकलाई सुखी बनाउने नेपालको राष्ट्रिय सङ्कल्पमा युवाले महत्वपूर्ण भूमिका खेल्न सक्छन् । यस्ता होनहार युवाको विदेश पलायनले मुलुकको आर्थिक क्रियाकलाप अवरुद्ध हुन पुग्छ । देशभित्रको आर्थिक क्रियाकलापमा असर पर्न सक्छ । जमिन बाँझो रहने, खेतबारीबाट उत्पादन नहुने र देशबाट पुँजीसमेत बाहिर पलायन हुन जाने हुँदा मुलुकको समृद्धि रोकिन जान्छ । राष्ट्रिय लक्ष्य पूरा गर्नमा बाधा उत्पन्न हुन्छ, समृद्ध राष्ट्र सुखी नेपालीको सपना पूरा गर्न कठिन हुने छ ।

**ग. गुणस्तरीय सेवामा प्रभाव**

देशको नागरिकलाई गुणस्तरीय सेवा दिन राज्यको धर्म हो । यद्यपि देशबाट गुणस्तरीय जनशक्ति बाहिर गएको खण्डमा त्यस देशका नागरिकले त्यस प्रकारको सेवा प्राप्त गर्न असमर्थ हुन्छन् । नेपालबाट पनि युवाहरू बाहिर जाने क्रम बढिरहेकाले गुणस्तरीय सेवामा बाधा पुग्न जाने देखिन्छ, जसमा स्वास्थ्य, शिक्षा र भौतिक पूर्वाधारको गुणस्तरमा समेत कमी आउने सम्भावना रहन्छ ।

**घ. राष्ट्रियता कमजोर**

मुलुकबाट युवा बाहिर जाने क्रमले अन्य युवालाई पनि प्रभाव पार्छ । मुलुकमा केही हुँदैन भन्ने भाष्य निर्माण गर्न सघाउ पुग्छ । यसले राष्ट्र र राष्ट्रियतालाई कमजोर बनाउने मात्र होइन यसबाट नकारात्मक क्रियाकलाप हुन सक्छ र देशलाई चुनौती थपिन सक्छ । राज्यको नीति र काम कारबाहीमा समेत चुनौती थपिन सक्छ । जस्तै वर्तमान अवस्थामा देशबाहिर र भित्रका युवाले विभिन्न मिडियामा देशको राजनीति सम्बन्धमा निराशा पोख्ने गरेको देखिन्छ । यो पनि युवा बिदेसिने कार्यले प्रकट गरेको विकृति हो भन्न सकिन्छ ।

**ङ. समाजबाट टाढा**

देशबाट युवा बाहिरी देशमा जाँदै गर्दा कतिपय युवाले आफ्नो समाज, घरपरिवारलाई बिर्सने गर्छन् । यसबाट परिवार र समाजबाट उनीहरू अलग हुन पुग्छन् । परिवारमा विचलन र विखण्डन आउन सक्छ । पारिवारिक विखण्डन मात्र नभएर परिवारको आर्थिक र सामाजिक परिवेशमा समेत असर पुग्न सक्छ । यसबाट समाजलाई अग्रगामी दिशामा लैजानका लागि बाधा पुग्न सक्ने देखिन्छ ।

**समस्या समाधानका उपाय**

विश्व भूमण्डलीकरण, उदारीकरण, प्रविधि र सञ्चारको विकासले गर्दा युवालाई विदेश जानबाट रोक्ने भन्ने हुन सक्दैन । विश्वका मुलुकले गरेको विकाससँगै त्यहाँ अवसर पनि सिर्जना हुने भएकाले युवा निश्चय नै एक देशबाट अर्को देशमा जाने गर्छन् । यद्यपि आफ्नो देशमा रोजगारीको कुनै विकल्प नै नभएर, देशभित्र बसेर केही गरौँ भन्ने परिस्थिति नै नभएर वा सबै विकल्प बन्द भएर विदेश जाने कुराप्रति राज्य गम्भीर हुनु पर्छ । यसका लागि निम्न विषयमा ध्यान दिन जरुरी देखिन्छ ।

**रोजगारी सिर्जना** : स्वदेशमा रोजगारी सिर्जना हुन साथ कामका लागि विदेश जाने युवा आफ्नै देशमा आफ्नै परिवारसँग हाँसीखुसी रमाएर काम गर्न रुचाउँछन् र बिदेसिनु पर्ने स्थिति रहन्न । परिवारको लालनपालनका लागि आफ्नै देशमा पसिना बगाउन चाहन्छन् । तसर्थ स्वदेशमा कलकारखाना, उद्योगधन्दा, कृषि उत्पादन व्यवसाय पर्यटन उद्योग होटेल व्यवसाय र विद्युत् उत्पादनमा लगानी गरेर युवालाई रोजगारी सिर्जना गरिनु पर्छ । युवाहरू आफैँले सानातिना उद्यम व्यवसाय सञ्चालन गरेर उद्यमी व्यवसायी बनेर अरूका लागि पनि रोजगारी सिर्जना गर्ने कार्यमा युवालाई आकर्षित गर्न सरकारले आर्थिक लगानी गरिदिनु पर्छ ।

**राजनीतिक स्थिरता** : अस्थिर राजनीतिक वातावरणकै कारणले गर्दा देशमा उद्योग व्यवसाय सञ्चालनमा बाधा पुग्न गई उत्पादन घट्ने हुनाले युवा निराश हुने हुँदा देशको राजनीतिक प्रणालीमा सुधार हुनु पर्छ । बन्द, हडताल, जुलुस, धर्ना जस्ता गतिविधि नभएको अवस्थामा युवाले काम गर्ने अवसर पाउँछन् । यसै गरी सुशासनको प्रत्याभूति, कानुनी राज्य, युवाको सहभागिता, शिक्षा प्रणालीमा सुधार तथा नीतिगत प्रयास हुने हो भने युवा बिदेसिने क्रम रोकिन सक्छ ।

**दिगो विकास लक्ष्य प्राप्तिका लागि युवा**

दिगो विकास लक्ष्य हासिल गर्नका लागि युवाको सशक्त परिचालन हुन जरुरी देखिन्छ । समृद्ध नेपाल सुखी नेपालीका राष्ट्रिय आकाङ्क्षा पूरा गर्न सामाजिक न्याय र आर्थिक विकासमा जोड दिनुपर्ने देखिन्छ । समतामूलक समाज स्थापनाका लागि सामाजिक विभेद अन्त्य गर्न युवामा सकारात्मक भावनाको विकास गर्न जरुरी देखिन्छ । आईएलओको सन् २०२३ को तथ्याङ्क अनुसार सन् २०१० देखि २०२० मा नेपालको निरपेक्ष गरिबी २५.१ देखि १७.७ मा घटेको थियो भने १६ आयामिक गरिबी पनि ३९.१ बाट १७.४ मा घटेको थियो । सन् २०२१ मा दिगो विकासको श्रेणीमा नेपालको स्थान १६५ राष्ट्रमा ९६ औँ स्थानमा थियो । यसरी हेर्दा कतिपय दक्षिण एसियाली मुलुकमा नेपाल अगाडि रहेको थियो । सन् २००८ देखि २०१६ सम्मको आर्थिक वृद्धिलाई हेर्दा औसत ४.२ रहेकोमा २०१७ देखि २०१९ मा यो बढेर ६.३ सम्म पुगेको थियो ।

**अन्त्यमा**

अबको २०/२५ वर्षपछाडि युवाको जनसंख्यामा कमी आउन सक्छ । अहिलेको जनसाङ्ख्यिक लाभ लिन त्यतिबेला धेरै ढिलाइ भइसकेको हुन्छ । राज्यले जनसाङ्ख्यिक लाभलाई उपयोग गरिहाल्नुपर्ने अवस्था छ । युवा तथा खेलकुद मन्त्रालयले युवालाई उनीहरूको सुदूर भविष्यसम्मका निम्ति देशभित्रै सम्भावना छ भनेर आशा जगाउन सक्छ भने मन्त्रालयले युवा ऐन, नीति, कानुन तथा दीर्घकालीन सोच निर्माण र कार्यान्वयनमा विशेष भूमिका खेल्न सक्छ । हुन त केही नभएको भने पक्कै होइन । केही सकारात्मक कार्य अवश्य पनि हुन थालेका छन् । जस्तै स्थानीय निर्वाचनमा युवा निर्वाचित भएर आएका छन् । यसलाई हेर्दा आशालाग्दो कार्य पनि भएका छन् । उनीहरूका क्रियाकलाप र गतिविधिले युवालाई आकर्षण गर्ने हुँदा स्थानीय युवा प्रतिनिधिले जिम्मेवारका साथ अगाडि बढ्नुपर्ने देखिन्छ । यद्यपि प्रदेश र सङ्घमा भने युवाको संख्या बढ्न सकेको देखिन्न ।

*–गोरखापत्र*

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मेहलमुडी, कालीकोट

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

बडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मार्तडी, बाजुरा

# समयमा मल नपाउँदा तोरीको उत्पादन बढाउन गाह्रो

नमस्ते समचारदाता

कञ्चनपुर, पुष/०५

कञ्चनपुर जिल्लाको बेलौरी नगरपालिका क्षेत्र तोरी उत्पादनका लागि प्रचुर सम्भावना भएको मानिन्छ। जिल्लाभर यो क्षेत्र तोरी उत्पादनका हिसाबले प्रसिद्ध छ । तर प्रचुर सम्भावना भएर पनि यसबाट धेरै लाभ लिन सकिएको छैन । नवीन प्रविधि, उन्नत मलखाद र यान्त्रिकीकरणको अभावमा यहाँका किसानले उत्पादन बढाउन सकेका छैनन् । पुरानै तरिकाले खेती गर्दा सोचे अनुसार उत्पादन हुन नसकेको किसानको गुनासो छ । चार वर्षदेखि सात बिघा जग्गामा तोरीखेती गर्दै आएका वडा नं ६ का किसान बोमबहादुर रावल यान्त्रिकीकरणमा जोड दिन नसक्दा उत्पादन वृद्धि गर्न नसकिएको बताए । सात बिघा जग्गामा प्रतिवर्ष २८ क्विन्टल तोरी उत्पादन भए पनि आधुनिक उपकरणको प्रयोग गर्न सके उत्पादन धेरै बढाउन सकिने उहनको विश्वास छ । "सीमावर्ती क्षेत्र भारतका किसानले थोरै जग्गामा तोरीको खेती गरी मनग्य उत्पादन गरिरहेका छन् । भारतीय किसानले खेत जोत्नका लागि आधुनिक रोटाभेटर, बीउ छर्नका लागि सिडड्रिल, प्रोसिडर मेसिनको प्रयोग गर्छन्, हामी कहाँ पुरानै पद्धति छ । अत्याधुनिक प्रविधि उपलब्ध नहुँदा यहाँ उत्पादन बढी हुँदैन", रावलले भने । यहाँका अधिकांश किसानले हातले



नै तोरी छर्दा कतै बाक्लो त कतै पातलो उम्रिने गर्छ । जसले गर्दा बोट सप्रिन पाउँदैन । उत्पादनमा त्यस कार्यले असर गर्छ । मिहिनेतअनुसार उत्पादन हुँदैन । सबै किसानको पहुँचमा आधुनिक यन्त्र र उपकरण पुग्न नसक्दा बढी लाभ लिन नसकिएको सबैजसो किसानको भनाइ छ । उत्पादन बढाउनका लागि आधुनिक यन्त्र, उपकरणसँगै उन्नत जातको बीउ, मलको आपूर्ति सहज हुनैपर्ने किसानले बताउने गरेका छन् । "अधिकांश किसानले यन्त्र र उपकरण खरिद गर्न सक्दैनन् । आर्थिक हैसियतले धान्दैन, किसानको मागलाई दृष्टिगत गरी स्थानीय तह, प्रदेश र सङ्घ सरकारले अनुदानका कार्यक्रम सञ्चालन गरे हामीलाई मात्रै होइन राज्यलाई पनि त फाइदा हुन्थ्यो होला", रावलको कथन छ । अर्का किसान गगन सिंह विष्ट पनि आधुनिक प्रविधि मात्रै होइन, तोरीखेतीका लागि आवश्यक पर्ने सिङ्गल सुपर सल्फेट, बोरोन, म्याग्नेसियम लगायत मलसमेत नपाउँदा उत्पादन वृद्धिमा समस्या हुने गरेको बताउँछन् । उनी भन्छन्, "यी मलका लागि भारतकै भर पर्नुपर्ने अवस्था छ । मलको सहज आपूर्ति भए पनि अहिलेको भन्दा धेरै तोरीको उत्पादनमा वृद्धि गर्न सकिन्छ ।" तोरी उत्पादनका लागि बेलौरी क्षेत्र पहिलेदेखि नै परिचित छ । खेतमा वैज्ञानिक तरिकाले रासायनिक मलको प्रयोग नहुँदा पहिलेको तुलनामा माटोको उर्वरा शक्तिमा ह्रास आएको स्थानीय किसान बताउँछन् । प्राङ्गारिक मल, माटोको गुणस्तरमा सुधार गरी उत्पादन बढाउन सकिने भए पनि यसमा पनि कुनै पहल भएको देखिँदैन । नगरपालिकबाट माटो परीक्षणको कार्य मात्रै भएको तर माटो सुधारका लागि कार्यक्रम सञ्चालन नभएको किसानहरूको गुनासो छ । यहाँका किसानले उखुखेतीमा र अलग्गै पनि तोरीको खेती गर्दै आएका छन् । एकातिर उत्पादनका लागि लगानी नहुँने र अर्कोतिर किसानले उत्पादन गरेको तोरीले उचित मूल्य नपाउने समस्याले आफूहरू समस्यामा रहेको धेरैको भनाइ छ । "तोरीको उत्पादन किसानले गर्ने तर बजारमा बेच्न लैजाँदा व्यापारीले मूल्य निर्धारण गरी खरिद गर्ने परिपाटीको अन्त्य हुनर्छ । किसानको लागत खर्च उठ्नेगरी सरकारी तवरबाट मूल्य निर्धारण गरे हामीलाई धेरै सहज हुन्थ्यो", विष्टले भने । नगरपालिकाको कृषि विकास शाखाका प्रमुख सुमनराज जोशी पनि नगरपालिकामा दुई सय हेक्टर क्षेत्रफलमा तोरीखेती हुने गरेको र त्यसबाट दुई हजार छ सय क्विन्टल उत्पादन भइरहेको बताउँछन् । किसानको सहजताका लागि नगरपालिकाको रु १५ लाख, सङ्घीय सरकारको ससर्त अनुदान रु १० लाख र सम्झौता बहुउद्देश्यीय सहकारीको रु पाँच लाख गरी रु ३० लाखमा तोरी पेल्ने उद्योग सञ्चालनमा ल्याइएको उनले बताए । "किसानलाई मर्का नपर्ने गरी मिलले तोरी खरिद गर्दै आएको छ । बजारमा पाइने मिसावट भएको तेललाई विस्थापित गरी आफ्नो छुट्टै तोरीको तेल 'ब्रान्डिङ' गरेर बजारमा बिक्रीवितरण गर्ने उद्देश्य राखेर उद्योग सञ्चालनमा ल्याइएको हो । उद्योगको दैनिक पाँच सय लिटर प्रशोधित तेल उत्पादन गर्ने क्षमता छ । अब यसको उपयोगमा जोड दिन्छौँ", शाखा प्रमुख जोशीले भने । उनले खाद्य प्रविधि गुण नियन्त्रण कार्यालयबाट ब्याच नम्बर लिई व्यवस्थित रूपमा तेलको बजारीकरण गर्ने प्रयास भइरहेको बताए । "तोरीको उत्पादन बढाउनका लागि किसानलाई आवश्यक तालिम र अनुदानका कार्यक्रम हुँदै आएका छन्", जोशी भने, "तालिम र अनुदानका कार्यक्रममा नसमेटिएका किसानलाई समेट्नका लागि कार्यक्रम सञ्चालन गर्छौं ।"

# बत्तीस दिनपछि खुल्यो कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान

नमस्ते समचारदाता

जुम्ला, पुष/०५

जुम्ला स्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा लामो समयदेखि स्थायी रूपमा कार्यरत ५८ जना शिक्षक तथा कर्मचारीको स्तरवृद्धि र नियमावलीअनुसारको तलबभत्ता नपाएको विषयलाई लिएर सुरू भएको आन्दोलन स्थगन भएको छ । आन्दोलनरत शिक्षक तथा कर्मचारीका अनुसार उपकुलपतिबाट माग सम्बोधन गर्ने लिखित प्रतिबद्धता प्राप्त भएपछि बिहीबारदेखि आन्दोलनका सबै कार्यक्रम स्थगन गरिएको हो । प्रतिष्ठानका शिक्षक र कर्मचारीले आफूहरूको स्तरवृद्धि र तलबभत्ताको विषयमा न्यायका लागि २०८१ साल भदौ २६ गते उच्च अदालत सुर्खेत जुम्ला इजलासबाट कर्मचारीको पक्षमा




फैसला भएको थियो । उक्त फैसला कार्यान्वयन नभएको भन्दै २०८१ साल कात्तिक २६ गतेदेखि विभिन्न दबाबमूलक कार्यक्रम कर्मचारीले सुरू गरेका थिए । आन्दोलनका क्रममा रजिष्ट्रारबाट गठित वार्ता समितिसँग पटकपटक छलफल भएपछि २०८१ साल पुस ४ गते उपकुलपतिबाट छुट पदसमेत सम्बोधन गरिने लिखित प्रतिबद्धता प्राप्त भएको साथै, गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना र त्यस सूचनामा छुट भएका पदका सम्बन्धमा थप स्पष्टता आउने वचन दिइएको आन्दोलित कर्मचारीले विज्ञप्ति मार्फत सार्वजनिक गरेका छन् । सो प्रतिबद्धताका आधारमा आन्दोलनरत शिक्षक तथा कर्मचारीले आजबाट आन्दोलन का सबै कार्यक्रम स्थगन गरी नियमित कार्यालय कामकाजमा फर्किने जानकारी गराएका छन् ।

## तलब...

उनले भने, 'बजारको अवस्था, मूल्य वृद्धि, सामानको मूल्य वृद्धि लगायतलाई ध्यानमा राखेर मूल्य वृद्धि गरिएको हो । बढेको मूल्य बिल काटेरै लिएको हो । लुकाएको पनि छैन ।' उनले बढेको मूल्य पनि अन्य अस्पताल तथा स्वास्थ्य संस्थाको भन्दा बढी नभएको दाबी गरे । विभिन्न बहानामा सेवा शुल्क अत्यधिक वृद्धि गरेको मेडिकल कलेजले कलेजमा कार्यरत कर्मचारीको तलब भने वृद्धि गर्न नसकेको छैन । शुल्क वृद्धिको प्रत्यक्ष असर सेवाग्राहीहरूमा परेको छ । मेडिकल कलेजमा उपचार गराउन आएका अधिकांश सेवाग्राहीले शुल्क बढाउँदा त्यसको असर सेवाग्राहीमा पर्दछ भन्ने कुरालाई ध्यान नदिएकोमा दुखेसो गरे । जाजरकोटबाट उपचार गराउन मेडिकल कलेज आएका एक बिरामीका आफन्तले मेडिकल कलेजका दुबै अस्पतालले आफ्नो सेवा शुल्कमा अत्यधिक वृद्धि गरेर बिरामीको ढाड सेक्ने काम गर्न हुने तर कर्मचारीले तलब वृद्धिको माग गर्न नहुने भन्ने मान्यता गलत भएको बताए । उनले वृद्धि गरिएका विभिन्न शुल्कहरु घटाउन हस्तक्षेप गर्न स्थानीय प्रशासनसँग माग पनि गरे । मेडिकल कलेजका कर्मचारीहरूले गत असार ४ गते कर्मचारीको तलब, सेवा, सुविधा तथा अस्पतालको संस्थागत सुधारका लागि अस्पताल प्रशासन समक्ष विभिन्न सातबुँदे मागपत्र राखेका थिए । सो मागपत्रका सम्बन्धमा अस्पताल व्यवस्थापन पक्ष र कर्मचारीका बीच पटक-पटक वार्ता वार्ता भए पनि निष्कर्ष ननिस्कँदा आन्दोलनलाई निरन्तरता दिनुपरेको कर्मचारीको भनाइ छ । व्यवस्थापनपक्ष कर्मचारीका माग पूरा गर्ने कुरामा सराकात्मक नदेखिएकोले आन्दोलन बद्दै गएको हो । यो आन्दोलन बद्दै गएर शुक्रबारसम्म आइपुग्दा कलेजको ओपिडी सेवा बन्द गराउने स्थितिसम्म आइपुगेको छ । यसले नेपालगन्जको ठूलो स्वास्थ्यउपचार सेवा प्रदाय संस्थाको सेवा प्रभावित भएको छ । सेवाग्राहीहरू उपचारका लागि अन्यत्र भौतारिनुपर्ने स्थिति सृजना भएको छ । मेडिकल कलेज सञ्चालक र प्रशासनले आन्दोलनमा रहेका कर्मचारीहरूले काम भन्दा बढी राजनीति गर्ने गरेको आरोप लगाउँछ । उनीहरुको भनाइ अनुसार मेडिकल कलेजमा हाल ५० जना भन्दा बढी कर्मचारी "हाटा तबली" रहेका छन् । यस्तो प्रवृत्तिले पनि मेडिकल कलेजलाई आर्थिक भारमा पारेको छ । नेपालगन्ज मेडिकल कलेजका उपनिर्देशक श्याम शर्मा कलेजको आर्थिक अवस्था खराब रहेको जानकारी गराउँदा गराउँदै पनि कर्मचारीहरू तलब वृद्धिको माग राखेर आन्दोलन उत्रिनु दुःखद भएको बताउँछन् । उनले पटक पटक श्रम कार्यालय, श्रम विभाग लगायतका निकायमा गएर यस विषयमा छलफल भएपनि कर्मचारीहरूले आफ्नो अयि नछोडेको बताए । तत्काल आन्दोलनकारी पक्षसँग वार्ता भई टुंगोमा पुगिने सम्भावना नरहेको पनि उनले जानकारी गराए ।

# शैक्षिक गुणस्तर सुधारका लागि तातोपानीमा पढाइ मेला

नमस्ते समचारदाता

जुम्ला, पुष/०५

जुम्ला जिल्लाको तातोपानी गाउँपालिकाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार र बालबालिकाको सिकाइ विकासका लागि पालिका स्तरीयमा शैक्षिक सामग्री प्रदर्शनी तथा पढाइ मेला आयोजना गरेको छ । बालबालिकाको सीप र क्षमताको प्रदर्शनलाई प्रोत्साहन गर्न उद्देश्यले बिहीबारदेखि पढाइ मेला सुरु भएको गाउँपालिकाका अध्यक्ष नन्दप्रसाद चौलागाईंले जानकारी दिनुभयो ।गाउँपालिका भित्रका २९ सामुदायिक विद्यालय मध्ये २० विद्यालय सहभागी भएका उक्त मेला बाल बालिकाको नियमित पठनपाठन सुधार, पठन सीप विकास र सिर्जनात्मक क्षमताको पहिचान गर्न केन्द्रित छ । शैक्षिक सामग्री निर्माण, यसको प्रयोग प्रभावका विषयमा विद्यालयले प्रदर्शन गरेका छन् ।



गाउँपालिका अध्यक्ष चौलागाईंले भन्नुभयो, "विद्यालयले बाल बालिकाद्वारा निर्मित विभिन्न शिक्षण सामग्री राखेका स्टल प्रदर्शनीमा राखेका छन् । " सहभागी विद्यालयको शैक्षिक सामग्री निर्माण, बालबालिकाको प्रस्तुति शैली र सामग्रीको प्रभावकारिता मूल्याङ्कनका आधारमा चार उत्कृष्ट विद्यालय छानिएको गाउँपालिका अध्यक्ष चौलागाईंको भनाइ छ । छनोट भएका विद्यालयमध्ये कालिका आधार भूत विद्यालय, लिताकोट प्रथम, सुन्दरमणि आधारभूत विद्यालय दोस्रो, कालिका आधारभूत विद्यालय, हियाखोला र कालिका मावि, टोप्ला तेस्रो र हिमाली आधारभूत विद्यालय, बाबिरा चौथो भएको गाउँपालिका शिक्षा शाखा प्रमुख सुरत शाहीले जानकारी दिनुभयो । शैक्षिक गुणस्तर सुधार गर्न शिक्षा क्षेत्रलाई विशेष प्राथमिकतामा राखिएको गाउँपालिका उपाध्यक्ष रेवती रावलको भनाइ छ । स्थानीय स्रोतमाथि आधारित शैक्षिक प्रयासले बालबालिकाको सिर्जनशीलता र व्यवहारिक सीपलाई विशेष प्राथमिकतामा राखेर पढाइ मेला सञ्चालन गरिएको प्रमुख प्रशासकीय अधिकृत तीर्थबहादुर कठायतले बताउनुभयो ।

गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं ।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं ।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं ।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।

नाम्खा गाउँपालिका
हुम्ला

# भूकम्पपीडित पुनर्निर्माणको आसमा

नमस्ते समचारदाता

जाजरकोट, पुष/०५



गत वर्षको कात्तिक १७ गतेको भूकम्पले घर क्षतिग्रस्त भएका सर्वसाधारणले नयाँ घर बनाउन पाएका छैनन् । उनीहरूले पुनर्निर्माणका लागि रकम पनि पाउन सकेका छैनन् । जाजकोटको बारेकोट गाउँपालिका-१, रामीडाँडा केन्द्रविन्दु बनाएर गएको भूकम्पबाट क्षतिग्रस्त निजी आवास बनाउन नसकेपछि पीडित समस्यामा परेका हुन् । भूकम्पले ढलेका घर बनाउन पुनर्निर्माण पर्खिबसेका पीडित अवस्था बिजोग भएको छ । भूकम्प गएको १३ महिना बिते पनि आवास बनाउन नसकेपछि चिसो मौसममा जस्ताको छानामुनि बस्नु परेको छ । श्रम रोजगारीबाट जीविकोपार्जन गरेका पीडितले सरकारबाट रकम आउला र घर बनाउँला भनी पर्खिबसेपछि निराश छन् । ज्याला मजदुरी गरेर गाँस, बासको गर्जो टारेका उनीहरू सरकारले दिने रकम नपाउँदा घर बनाउनसमेत सकेका छैनन् । भेरी नरपालिका-३ का तेजविक्रम शाहले पाँच वटा घर भूकम्पले भत्किएपछि अहिले जस्ताको टहरामा बस्नु परेको बताउनुभयो । सरकारले पुनर्निर्माणको कामलाई अघि नबढाउँदा निजी लगानीबाट बनाउन नसक्ने अवस्था भएकाले घर भएको स्थान भग्नावशेषमा परिणत छन् । भूकम्पपीडित सन्तोष शाहले सरकारबाट रकम पाउला र घर बनाउँला भनेर कुर्दाकुर्दै एक वर्ष नाघेको उल्लेख गर्दै गर्नुभयो । उहाँले यस वर्षको चिसो पनि जस्तामुनि बिताउनुपर्ने भयो भन्दै दुःखेसो व्यक्त गर्नुभयो । भेरी नगरपालिका-३, पिपलडाँडाका सबै घर भूकम्पले भत्किएपछि पीडित अस्थायी टहरामा बास बस्न बाध्य भएका छन् । अस्थायी आवासका लागि सरकारले दिएको दोस्रो किस्ता नपाउँदा टहरा निर्माण गरेको रकम तिर्न मुस्किल भएको छ । भेरी नगरपालिका -५ की रोशनाकुमारी सिंहले जति न्यानो कपडा भए पनि जस्ताको छानामुनि चिसो हुने बताउनुभयो । धेरै चिसो भएपछि चर्किएको घरमै फर्कनु परेको उहाँको भनाइ छ । प्रमुख जिल्ला अधिकारी मेखबहादुर मङ्गातीका अनुसार बारेकोट गाउँपालिका, जुनीचाँदे गाउँपालिका र कुसे गाउँपालिकामा दोस्रो किस्ताको रकम स्थानीय विपत् व्यवस्थापन कोषमा जम्मा गरिएको छ । नलगाड नगरपालिकालगायत अन्य पालिकाबाट दोस्रो किस्ताको रकम माग भएकाले केही दिनभित्र रकम पठाउने तयारी भइरहेको उहाँले बताउनुभयो । स्थानीय तहले भूकम्पबाट चर्किएका घर भत्काएपछि दोस्रो किस्ताको रकम दिने निर्णय गरेपछि पीडित बिचल्लीमा परेका छन् । सरकारले पुनर्निर्माणको काम अघि नबढाउँदा ज्याला मजदुरीबाट छाक टारेका पीडित आगो तापेर रात बिताउन बाध्य छन् ।

# खानेपानी समितिमा लाखौंको अनियमितता

नमस्ते समचारदाता

बाँके, पुष/०५




बैजनाथ गाउँपालिका-४ मा रहेको नौवस्ता खानेपानी तथा सरसफाइ उपभोक्ता समितिमा करिब ७५ लाख रुपियाँको अनियमितता भएको पाइएको छ । सो समितिभित्र करिब ७५ लाख रुपियाँको आर्थिक अनियमितता भएको कुरा छानबिन समितिले सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख छ । उपभोक्ता समितिभित्र व्यापक अनियमितता भएको भन्दै स्थानीय बासिन्दाले विरोध गरेपछि गत भदौ ३० गते वडा भेला मार्फत वडा सदस्य बालकुमारी परियारको संयोजकत्वमा छानबिन समिति गठन गरिएको थियो । समितिले उपभोक्ता भेला आयोजना गरेर छानबिन प्रतिवेदन सार्वजनिक गरेको छ । सो समितिले तीन महिना लगाएर छानबिन गरी उपभोक्ता भेलामा प्रतिवेदन सार्वजनिक गर्दै करिब ७५ लाख रुपियाँको अनियमितता भएको ठहर गरेको संयोजक परियारले बताउनुभयो । उहाँका अनुसार राजकुमार ढकालको अध्यक्षतामा रहेको नौवस्ता खानेपानी तथा सरसफाइ उपभोक्ता समितिमा आर्थिक अनियमिततासँगै पदाधिकारीको नाममा रकम बेरुजु समेत रहेको पाइएको छ । उपभोक्ता समितिका पदाधिकारीको मिलेमतोमा झन्डै पौने करोड रुपियाँ हिनामिना भएको छानबिन समितिले जनाएको छ । उपभोक्ता भेलामा बोल्ने अधिकांशले समितिका वर्तमान अध्यक्ष तथा पदाधिकारीबाट संस्थाको रकम असुलउपर गर्नुपर्ने माग राखेका छन् । उपभोक्ता समितिको रकम अनियमितता गर्ने जो सुकैलाई पनि कारबाही गर्नुपर्नेमा जोड दिँदै स्थानीय राजनीतिक दलका प्रतिनिधिले यसका लागि आफूहरूको साथ रहेको बताएका छन् । नेपाली कांग्रेसका स्थानीय नेता केशव शाहले संस्थाको रकम अनियमितता गर्ने जो सुकैलाई पनि कारबाहीको दायरामा ल्याउनुपर्ने बताउनुभयो । नेकपा (एमाले) बैजनाथ गाउँपालिका सचिव नन्दलाल ढकालले छानबिन समितिले नै वास्तविकता बाहिर ल्याएको बताउँदै भ्रष्टाचार र अनियमितता गर्ने व्यक्तिलाई कसैले पनि संरक्षण गर्न नसक्ने प्रस्ट पार्नुभयो । नेकपा (माओवादी केन्द्र) का अम्बरबहादुर बुढाले छानबिन समितिको प्रतिवेदनका आधारमा दोषीलाई कारबाही गरी रकम असुल्नुपर्ने सुझाव दिनुभयो । भेलामा बोल्दै उपभोक्ता समितिका अध्यक्ष ढकालले आफ्नो बचाउ गर्दै आफूले मात्रै अनियमितता नगरेको बताउनुभयो । सो भेलामा बैजनाथ गाउँपालिका उपाध्यक्ष निर्मला रोकाय, बैजनाथ-४ का वडाध्यक्ष प्रेमबहादुर शाहीलगायतले पनि आर्थिक अनियमितता गर्नेलाई कारबाही गरिनुपर्ने बताउनुभयो ।

# हटेन राजमार्गको पहिरो

नमस्ते समचारदाता

रुकुमपश्चिम, पुष/०५



मध्यपहाडी राजमार्ग अन्तर्गत रुकुमपश्चिमका विभिन्न स्थानमा खसेको पहिरो वर्ष दिनसम्म पूर्ण रूपमा नहटाउँदा दुर्घटनाको जोखिम रहेको छ । गत वर्ष जाजरकोट केन्द्रविन्दु भएर गएको भूकम्पले सडक चिरा पारेको थियो भने केही स्थानमा पहिरो गएको थियो । त्यसपछि वर्षाका कारण पनि सडकका विभिन्न स्थानमा पहिरो गएको थियो । करिब एक दर्जन स्थानमा खसेको पहिरो अझैसम्म पूर्ण रूपमा पन्छाइएको छैन । सानीभेरी गाउँपालिका-१ को चाइनाबगर, वडा नं. २ को गिठाकोट, वडा नं. ७ को सहरे, वडा नं. ९ को खारखोला, मुसीकोट नगरपालिका-१४ को छिवाङजिउला, वडा नं. ३ को खरखरेलगायतका स्थानको पहिरो अझैसम्म पूर्ण रूपमा हटाइएको छैन । तत्कालीन अवस्थामा सडकको एकातर्फको भागबाट यातायातका साधन आवजावतका लागि पहिरोको केही भाग हटाइए पनि वर्षदिनसम्म राजमार्गको पहिरो यथावत् रहेको सानीभेरी गाउँपालिका-९ का नारायण ओलीले बताउनुभयो । उहाँका अनुसार यी स्थानमा पटक पटक दुर्घटनासमेत हुने गरेका छन् । सडकको आधी भाग ओगटेको पहिरो पन्छाउन कोहीकसैको पनि चासो नरहेको तर दुर्घटना निम्त्याउने जोखिम बढेको उहाँको भनाइ छ । रुकुमपश्चिमका निमित्त प्रमुख जिल्ला अधिकारी विनोद रेग्मीले लामो समयसम्म राजमार्गको पहिरो पूर्ण रूपमा नहटाउँदा दुर्घटनाको जोखिम रहेको उल्लेख गर्नुभयो । यस विषयमा सम्बन्धित निकायलाई यथाशक्य पहिरो पन्छाउन निर्देशन दिइसकेको उहाँले बताउनुभयो । बाटो चलेकै त छ भनेर बेवास्ता गरिएमा दुर्घटना हुन सक्ने भएकाले राजमार्गलाई चुस्त राख्न आवश्यक रहेको उहाँको भनाइ छ । यस विषयमा सडक डिभिजन कार्यालय चौरजहारीका प्रमुख तेजस्वी शर्माले तत्कालै सडकको पहिरो हटाइने बताउनुभयो । केही स्थानमा चट्टान नै झरेको कारण सोही अनुसारको उपकरण प्रयोग गर्नुपर्ने भएकाले ढिलाइ भएको उहाँको भनाइ छ । करिब एक हप्ताभित्रै सबै पहिरो पूर्ण रूपमा पन्छाइसक्ने डिभिजन प्रमुख शर्माले उल्लेख गर्नुभयो । चट्टान बाहेकका स्थानको पहिरो भने तुरुन्तै हटाउने गरी आवश्यक समन्वय भइरहेको उहाँले जानकारी दिनुभयो । मध्यपहाडी राजमार्गको ६७ किलोमिटर सडकखण्ड रुकुमपश्चिममा रहेको छ । त्यसमध्ये ६१ किलोमिटर सडकखण्ड डिभिजन कार्यालयलाई हस्तान्तरण भइसकेको छ । मुसीकोट नगरपालिकाको साँखधुरीदेखि रुकुमपूर्वको सिमाना खोपीचार सम्मको छ किलोमिटर क्षेत्रमा ठेक्का लागेर काम भइरहेको छ । यो क्षेत्रको किटनीमा कडा चट्टान र ठुलो पहिरोको जोखिम रहेकाले तीव्र रूपमा काम हुन सकेको छैन ।

# सडक मर्मत नहुँदा यात्रुलाई सास्ती



नमस्ते समचारदाता

पाल्पा, पुष/०५

एक दशकदेखि चिलाङ्दी-चापपानी-राम्दी सडक मर्मत हुन सकेको छैन । लामो समयदेखि सडक मर्मतसम्भार नहुँदा यो सडकमा यात्रा गर्ने यात्रु बर्सातमा हिलो र हिउँदमा धुलाम्मे भएर हिँड्न बाध्य छन् । २०७३ सालदेखि यो सडक अलपत्र जस्तै छ । सडकको अवस्था सुधार नहुँदा यात्रुको यात्रा कष्टकर बनेको छ । तत्कालीन जिल्ला विकास समितिले आठ किलोमिटर कच्ची सडकलाई ओटासिल गर्न आठ करोड ३१ लाख रुपियाँमा ठेक्का दिएको थियो तर उक्त काम हालसम्म पनि सकिएको छैन । सडक पूर्वाधार कार्यालय पाल्पा र निर्माण व्यवसायीको लापर्बाहीले आठ वर्षसम्ममा पनि काम पूरा हुने छाँटकाँट देखाएको छैन । लामो समयसम्म काम नगरेर अलपत्र पार्ने निर्माण व्यवसायीलाई कारबाही गर्न नसक्दा सडकको अवस्था एक दशकदेखि नाजुक बनेको स्थानीय बासिन्दाको भनाइ छ । सडक पूर्वाधार कार्यालयको अलमलले सर्वसाधारण नागरिकले सास्ती खेप्नुपर्ने अवस्था बनेको छ । कार्यालयको अलमलले झन्डै एक दशकदेखि यात्रुले कष्टकर यात्रा गर्न बाध्य भएको बगनासकाली-५ का स्थानीय बासिन्दा विकास गैरेले बताउनुभयो । पूर्वाधार कार्यालयका प्रमुख वासुदेव भण्डारीले भने निर्माण व्यवसायीले काम नगर्दा पहिले बनेको सडक पनि बिग्रिएको बताउनुभयो ।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
हिमाली गाउँपालिका
धुलाचौर,बाजुरा

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके